प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## बागमती प्रदेश

## हेटौडा,मकवानपुर

**द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना।**

**सूचना प्रकाशित मितिः-२०७६।१०।०३ गते**

*संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक,बेपत्ता परिवार,घाईते तथा अपाङगता भएका व्याक्ति एवं परिवारलाई स्वास्थ्य,सीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आर्थिक वर्ष २०७६/०७७ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत* ***"द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने सम्बन्धी कार्यविधि,२०७६"*** *अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्याक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकोले कार्यविधि अनुसार गत वर्ष सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्याक्ति र परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तिका लागी कार्यविधिको दफा ३ को उप दफा (११) बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको विवरण खुलाई २०७६ फाल्गुन मसान्त भित्र सम्बन्धित स्थानीयतहमा रहेको स्थानीय समिति वा यस मन्त्रालय समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।*

***सहायता सम्बन्धि व्यवस्था***

*(१) औषधि उपचार*

*(२) सीप विकास*

*(३) स्वरोजगार मूलक व्यवसाय*

*थप जानकारीको लागी सम्बन्धित स्थानीयतह र मन्त्रालयको website:– www.moial.bagmati.gov.np वा फोन नं.०५७-५२२८४१,५५२७५१३,५२७५१४ मा बुझ्न सकिने छ।*